प्रदेश सरकार
प्रदेश नं.
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
कलैया, बारा

फोन नं.:०५३-५५००१७
फ्याक्स नं.: ०५३-५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

प.सं.:- २०७८/७९

च.नं.:-

मिति:- २०७८।०५।०२

## स्यालो टयुबवेल जडानका लागि निवेदन आव्हान सम्बन्धि सुचना

**(प्रथम पटक प्रकाशित मिति: २०७८।०५।०२)**

यस कृषि ज्ञान केन्द्र, बाराको आ.ब. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्यालो टयुबवेल जडान गर्ने कार्यक्रम रहेको हुँदा १५ प्रतिशत लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि उत्पादनमा संलग्न निजी फर्म/उद्यमी/जल उपभोक्ता समूहले यो सुचना प्रकाशित भएको मितिले ३० औं दिन (२०७७।०५।३१) सम्म कार्यालय समय भित्र तोकिएको ढाँचामा तपशिल अनुसारका कागजातहरु संलग्न राखि खामबन्दी प्रस्ताव/आवेदन दर्ता गर्न हुन आव्हान गरिन्छ। रित नपुगेका तथा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।प्रस्ताव/आवेदन बुझाउनका लागि थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

<u>संलगन गर्नुपर्ने कागजातहरु</u>

१. रु. १० को हुलाक टिकट टासेको अनुसुचीको निवेदन
२. आवेदकको (व्यक्तिको हकमा) नागरिकता प्रमाणपत्रको प्रतिलिपी
३. आवेदकको (समूह, सहकारी संस्था र फर्म/कम्पनीको हकमा) दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी तथा स्थायी लेखा नं. लिएको प्रमाणपत्रको प्रतिलिपी
४. माँग गरेको स्यालो टयुबवेल निर्माण हुने जग्गाको जग्गाधनी प्रमाण पत्र (सो नभए भोगाधिकार प्रमाण) को प्रतिलिपी वा लिजमा लिएको जग्गाको हकमा लालपुर्जा र जग्गाधनीको सक्कल मन्जुरीनामा समेत
५. माँग गरेको स्यालो टयुबवेल निर्माण हुने जग्गाको नक्शाको ब्लु प्रिन्ट/कम्पयुटर प्रिन्ट
६. समूह, सहकारी संस्था र साझेदारी कम्पनीको हकमा आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणीको निर्णयको प्रतिलिपी
७. समूह, सहकारी संस्था र फर्म/कम्पनीको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा अख्तियारी पत्र

**पुनश्च:** निवेदन र परियोजना प्रस्ताव ढाँचा यस कार्यालयबाट वा कार्यालयको वेबसाईट (https://bara.akc.gov.np) बाट प्राप्त गर्न सकिने छ।

<u>अनुदानका शर्तहरु:</u>

१. स्यालो टयुबवेलबाट सिंचाई पुर्याउने खेतियोग्य जग्गाको हकमा १५० मिटर अर्धब्यास भित्र २ बिग्घा, माछापालनको लागि १.५ बिग्घा, कृषि /कृषि वन नर्सरीको लागि ५ कट्ठा जग्गा आवश्यक पर्नेछ।
२. स्यालो टयुबवेलको लागि २ ह.पा. को पानी तान्ने विधुतिय मोटर/पम्पसेट १०० फिटसम्म पाईप,र अन्य आवश्यक सहायक सामाग्री तथा जडान खर्चमा ८५ प्रतिशत अनुदान दिईने छ ।

**जितेन्द्र यादव**